# निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन

विशिष्टीकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि

प्रस्तुत शोधपत्र


शोधकर्ता

कुलबहादुर खड्का

रोल नं.: २८००५२/०६७

त्रि.वि. दर्ता नं.: ९-२-५०-१६२९-२००५



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमाडौँ

२०६९

## पाठ्क्रम तथा मूल्याङ्कन विभाग

### सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागका छात्र कुलबहादुर खड्काले मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रही तयार गर्नुभएको **"निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यान्वयनको अवस्था"** शोधशीर्षकको शोधपत्र अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.................................

उप.प्रा. किरणराम रञ्जितकार

शोध सुपरिवेक्षक

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमाडौँ

मितिः २०६९/०४/२३

## पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

### स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागमा पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र कुलबहादुर खड्काले यस तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त प्रस्तुत गर्नुभएको **"निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यान्वयनको अवस्था"** शीर्षकको शोधपत्र यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** — **हस्ताक्षर**

प्रा. स्वयम्प्रकाश ज.ब.रा. ……………………

विभागीय प्रमुख

उप.प्रा. किरणराम रञ्जितकार ……………………

शोध निर्देशक

……………………… ……………………………

उप.प्रा. शिवराज बढू

बाह्य परीक्षक

मिति : २०६९/०४/३०

**कृतज्ञताज्ञापन**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागले स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यका लागि यो शोधपत्र तयार गर्ने अवसर र व्यवस्था मिलाइदिएकोमा सर्वप्रथम म उक्त विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधपत्र तयार गर्ने कार्यको सुपरिवेक्षकको भूमिकामा रही मलाई प्रारम्भिक चरणदेखि अन्तिम चरणसम्म निरन्तर सुझाव, सल्लाह र मार्गनिर्देशन गरिदिनुहुने सोही विभागका आदरणीय गुरु **उप.प्रा. किरणराम रञ्जितकारज्यू**प्रति म विशेष सम्मान तथगा आभार व्यक्त गर्न चाहन्छु ।

शोधपत्र लेखनका विविध पक्षहरूमा पटक-पटक सुझाव र हौसला प्रदान गरी प्रतिवेदनलाई साकार पार्न सहयोग गरिदिनुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख आदरणीय गुरु **स्वयम्प्रकाश जवरा**प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । साथै यस विभागका श्रद्धेय गुरुज्यूहरू **उप.प्रा. विश्ववाला थापा, उपप्रा. यशोधरा पन्थ** र **उपप्रा. शिवराम बढू**ज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

प्रतिवेदन तयार गर्नका लागि रत्तिभर पनि झर्को नमानी हार्दिकतापूर्वक विभिन्न सूचना तथा जानकारी उपलब्ध गराइदिनुहुने, प्रश्नावली भरिदिनुहुने, अन्तर्वार्ता र छलफल कार्यक्रममा सहभागिताको उच्चतम वातावरण मिलाई सहयोग गरिदिनुहुने जाल्पादेवी उ.मा.वि., भोटेचौर स्रोतकेन्द्रका श्रोतव्यक्ति उद्धवप्रसाद चौलागाइँ, श्री जाल्पादेवी उ.मा.वि. प्रधानाध्यापक श्री लक्ष्मण श्रेष्ठ, श्री निवुगाउँ नि.मा.वि.का प्रधानाध्यापक गणेशप्रसाद सापकोटा, श्री मनकामना प्रा.वि.का प्रधानाध्यापक बलराम चौलागाइँज्यूप्रति विशेष कृतज्ञ छु । साथै उपरोक्त विद्यालयका शिक्षकहरू, विद्यार्थीहरूलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु ।

शोधपत्रलाई मूर्तरुप दिन र टंकन एवम् फोटोकपि र बाइण्डिङ गरी आवश्यक सहयोग पुऱ्याउने रेसुङ्गा कम्प्युटर सर्भिसलाई हार्दिक आभार प्रकट गर्दछु ।

मिति : २०६९ कुलबहादुर खड्का

# शोधसार

विद्यार्थी मूल्याङ्कनलाई समग्र शैक्षिक कार्यक्रम वा पाठ्यक्रमको महत्वपूर्ण पक्ष मानिन्छ । विद्यार्थी मूल्याङ्कन कार्यको स्तरीयता र प्रभावकारीतामा नै समग्र शैक्षिक कार्यक्रम वा पाठ्यक्रमको गुणस्तर निर्भर रहने कुरामा विमति रहन सक्दैन । त्यसमा पनि प्राथमिक तहका विद्यार्थीहरूको समूचित मूल्याङ्कनका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली नै प्रभावकारी हुने कुरा विभिन्न अध्ययन अनुसन्धानहरूले देखाए अनुरूप नेपाल सरकारले पनि त्यही अनुरूपको सुझाव अनुशरण गर्दै विगत ५/६ वर्षदेखि यो मूल्याङ्कन प्रणालीलाई अधिराज्यभर लागू गरी उपर कक्षोन्नतिको व्यवस्था नीति लिएको पाइन्छ ।

यस अध्ययनको शीर्षक **निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यान्वयनको अवस्था** रहेको छ । यस अध्ययनद्वारा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्था कार्यान्वयनको वर्तमान स्थिति पत्ता लगाउनु हो । निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थाबारे शिक्षक, प्रधानाध्यापकहरूको अवधारणा, सोचाइ, विचार पत्ता लगाउन निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्विनयका समस्याहरू पहिचान गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

यस अध्ययनका लागि सिन्धुपाल्चोक जिल्लाको भोटेचौर गा.वि.स. भित्र संचालित सामुदायिक विद्यालयमध्ये तीनवटा विद्यालयलाई छनौट गरिएको थियो । यस अध्ययनमा सूचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्नको लागि गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरिएको थियो । यस क्रममा सूचना संकलन गर्न अवधारणा स्केल, खुल्ला प्रश्नावली, असंरचित अन्तर्वार्ता र उपलब्धि परीक्षण जस्ता चारवटा साधनहरू प्रयोग गरिएको थियो ।

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन लागू गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन गर्न सकिने, विद्यार्थी संख्या अधिक हुनु, शिक्षक संख्या कम हुनु, विद्यार्थी अनुपस्थिति हुनु नै निरन्तर मूल्याङ्कनमा प्रभाव पार्ने तत्व हुन्, निरन्तर मूल्याङ्कन संचालनको लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यक पर्ने, विद्यार्थीका विभिन्न क्रियाकलापहरू जस्तैः कक्षाकार्य, गृहकार्य, उपस्थिति, अनुशासन जस्ता पक्षलाई समेट्नुपर्ने, लिखित/आवधिक परीक्षा सँगसँगै निरन्तर मूल्याङ्कन गरिनुपर्ने जस्ता पक्षहरूमा शिक्षकको पूर्ण सहमत रहेको पाइयो ।

आवधिक परीक्षाबाट मात्र प्राथमिक तहका विद्यार्थीहरूको समग्र उपलब्धि स्तरको सही मूल्याङ्कन हुन सक्दछ । सामुदायिक विद्यालयका शिक्षकका वर्तमान सेवा सुविधाका शर्तहरू सबल नभएकाले शिक्षकहरूमा यसप्रतिको चासो र सरोकार न्यून भएको हो । माथिल्लो तहमा लिखित र आवधिक परीक्षालाई विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन मानिने भएकाले तल्लो तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुन सक्दैन । जस्ता पक्षहरूमा पूर्ण सहमत भएको पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीका दुर्वल पक्षहरू भन्दा सबल पक्षहरू उल्लेख गर्ने प्रधानाध्यापकहरूको मत अधिक रहेको पाइयो । निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गराउन अभिभावको सहयोग अति नै कम देखियो ।

अधिकांश विद्यालयमा निरन्तर मूल्याङ्कन गर्दा हाजिरी र लिखित परीक्षालाई बढी नै प्राथमिकता दिएको पाइयो । विद्यार्थीको कार्यसञ्चयिका राख्नुपर्ने विभिन्न रेकर्डहरू व्यवस्थित तरिकाले राखेको पाइएन, यसमा लिखित परीक्षा र रेजा लगाइएको फारामको रेकर्ड मात्रै राखिएको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन निर्देशिका पुस्तिकामा निर्देशन दिए अनुसार अति नै कम निर्देशन पूरा गरी अभिलेख राखिएको पाइयो । अधिकांश शिक्षक यस मूल्याङ्कनको धारणाप्रति सकारात्मक भए पनि काम गराइ भने त्यति राम्रो पाइएन ।

पोर्टफोलियो र विद्यार्थी नतिजाको रेकर्ड पुस्तिका हेर्दा गणित, अंग्रेजी र विज्ञान विषयका वास्तविक सिकाइ उपलब्धिमा ह्रास आएको कुरा विद्यालयको नतिजा र उपलब्धि परीक्षणबाट जानकारी प्राप्त भएको थियो ।

विद्यार्थी अनुपस्थिति हुनु, विद्यार्थी संख्या बढी हुनु, शिक्षक संख्या कम हुनु, निरन्तर मूल्याङ्कनको प्रयोग सम्बन्धमा सरकारी निकायबाट जानकारी कम दिनु, क्रियाकलापको रेकर्ड राख्ने काम झन्झटिलो हुनु, विद्यालय र समुदायको सम्बन्ध सुमधुर हुन नसक्नु, शिक्षकहरूको उमेर बढी भएकोले जोश र जाँगर कम देखिनु, माथिल्लो निकायबाट अनुगमन नहुनु अभिभावक अशिक्षित हुनु, मनोवैज्ञानिक तरिकाले शिक्षण नहुनु जस्ता कारणहरूले निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा समस्या देखापरेको पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी ढंगबाट लागू गर्न विद्यार्थी अनुपस्थिति हुने समस्यालाई विभिन्न तरिकाले निरुत्साहित गरी विद्यालयमा आउने वातावरण सिर्जना गर्ने, शिक्षकलाई बेलाबेलामा तालिम वा सीप दिइनुपर्ने, विद्यार्थी संख्या अनुसार दरवन्दी प्रदान गरिनुपर्ने, माथिल्लो निकायबाट निरीक्षण, अनुगमन गरिनुपर्ने, विद्यालयमा शैक्षिक सामग्री प्रशस्त हुनुपर्ने, नियमित गृहकार्य, जाँच गर्ने, राम्रो काम गर्ने शिक्षकलाई पुरस्कृत गर्ने, प्रधानाध्यापकले शिक्षकहरूले कुन कुन कुरा कसरी पोर्टफोलियोमा रेकर्ड गरेका छन्, निगरानी राख्नुपर्ने, पुरानो जेनेरेसनलाई प्रोत्साहित गर्ने कार्यक्रमहरू शिक्षा मन्त्रालय ल्याउने जस्ता सुझावहरू दिइन्छ ।

## विषयसूची


**पृष्ठ संख्या**

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोधसार iv

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ३

१.४ अनुसन्धानात्मक प्रश्नहरू ४

१.५ अध्ययनको उद्देश्य ४

१.६ अध्ययनको सीमा ५

**परिच्छेद दुई : पूर्व साहित्यको समीक्षा**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ६

२.१.१ सिकाइकेन्द्रित विचारधाराको सिद्धान्त ६

२.१.२ विद्यार्थी मूल्याङ्कनमा प्रगतिवादी सिद्धान्त ६

२.१.३ उदार कक्षोन्नतिको सिद्धान्त ६

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन ७

२.२.१ मूल्याङ्कनको अवधारणा ७

२.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवधारणा ७

२.२.३ निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता ८

२.२.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुका उद्देश्यहरू ८

२.२.५ निरन्तर विद्यार्थी मूल्यांङ्कन प्रणाली संचालनका नीतिहरू ९

२.२.६ विद्यार्थी मूल्याङ्कनलाई उपयुक्त बनाउन चाल्नुपर्ने केही कदमहरू ९

२.३ अवधारणा निर्माण १०

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा ११

३.२ नमुना छनौट ११

३.२.१ जिल्ला छनौट ११

३.२.२ विद्यालय छनौट ११

३.२.३ शिक्षकको छनौट १२

३.२.४ विद्यार्थीको छनौट १२

३.३ सूचना/तथ्याङ्क संकलनका साधनहरू १२

३.३.१ प्राथमिक स्रोतहरू १२

३.३.१.१ शिक्षक अवधारण (बन्द प्रश्नावली) १२

३.३.१.२ अन्तरवार्ता १३

३.३.१.३ प्रश्नावली १३

३.३.२ सहायक स्रोतहरू १३

३.३.२.१ विद्यार्थी कार्यसञ्चयिका अभिलेख १३

३.३.२.२ उपलब्धी परीक्षण १३

३.४ साधनको बैद्यता १४

३.५ सूचना संकलन प्रक्रिया १४

३.६ सूचनाको विश्लेषण र व्याख्या १४

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था वारे शिक्षकको अवधारणा १५

४.१.१ शिक्षक अवधारणाहरूको प्रतिक्रिया उच्च रहेका वाक्यांशहरूको व्याख्या एवं विश्लेषण १६

४.१.२ शिक्षक अवधारणाहरूको प्रतिक्रिया मध्यम रहेका वाक्यांशहरूको व्याख्या एवं विश्लेषण १७

४.१.३ प्रतिक्रिया न्यून रहेका कथन/वाक्यांशका आधारमा शिक्षक अवधारणाहरूको व्याख्या एवम् विश्लेषण २०

४.२ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था २२

४.२.१ प्रश्नावलीबाट प्राप्त सूचनाहरूको व्याख्या एवम् विश्लेषण २३

४.२.२.१ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको वर्तमान अवस्था २३

४.२.१.२ विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि प्रयोग गरिएको मूल्याङ्कनका साधन र प्रयोग गरिने समय २४

४.२.१.३ कार्यसञ्चयिका (पोर्टफोलियो) व्यवस्थापनको अवस्था २५

४.२.१.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन हुन नसकेको अवस्था र त्यसका कारणहरू २६

४.२.१.५ विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने कक्षा दोहोऱ्याउने सूचकहरूमा प्रभाव पार्ने तत्वहरू २६

४.२.१.६ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूले सीप तथा तालिमका स्रोतहरू २७

४.२.१.७ प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली गर्दा गणित, विज्ञान र अंग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि घट्नुका कारणहरू २७

४.२.२ अन्तर्वार्ताबाट प्राप्त सूचनाको व्याख्या एवम् विश्लेषण २८

४.२.२.१ निरन्तर मूल्याङ्कन प्रणालीका दुर्वल पक्षहरू सम्बन्धी प्रधानाध्यापकहरूका अवधारणा २९

४.२.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्याहरू २९

४.२.२.३ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन सम्बन्धमा स्रोत व्यक्तिबाट आएको सूचना तथा जानकारीको व्याख्या एवम् विश्लेषण ३०

४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजा र उपलब्धि परीक्षण प्रशासन गर्दा प्राप्त नतिजा अध्ययनको विश्लेषण ३०

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्तिहरू ३२

५.२ निष्कर्षहरू ३३

५.३ सुझावहरू ३४

सन्दर्भसूची ३६

अनुसूचीहरु ३८

## तालिकासूची

**पृष्ठ संख्या**

तालिका नं. ४.१: शिक्षक अवधारणाहरूको प्रतिक्रिया उच्च रहेका वाक्यांशहरू र प्रतिक्रिया छनोट गर्ने शिक्षकको प्रतिशत १६

तालिका नं. ४.२: शिक्षक अवधारणाहरूको प्रतिक्रिया मध्यम रहेका वाक्यांश र शिक्षकले छनोट गरिएको प्रतिक्रियाको प्रतिशत १८

तालिका नं. ४.३: शिक्षक अवधारणाहरूको प्रतिक्रिया न्यून रहेका वाक्यांश र शिक्षकले छनौट गरेका प्रतिक्रियाको प्रतिशत २१

तालिका नं. ४.४: विद्यार्थी मूल्याङ्कनका लागि अपनाइएका साधन, प्रयोग गर्ने शिक्षक प्रतिशत र प्रयोग गरिने समय २४

तालिका नं. ४.५: कार्यसञ्चयिका हुनुपर्ने र विद्यालयमा भएको अवस्था २५

तालिका नं. ४.६: निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूले सिकेका सीप तथा तालिमका स्रोतहरू २७

तालिका नं. ४.७: निरन्तर विद्यार्थी मूल्याङ्कन र उपलब्धि परीक्षणको तुलना ३१